वैठक संख्या : ७८
मिति :- २०७७/०६/१५ गते (विहिवार)
समय :- दिनको ३ : ०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको वैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री विशकसेन ढकाल | सदस्य- सचिव |

**निर्णय नं १** :- नदीजन्य पदार्थ (दहत्तर बहत्तर) को उत्खनन संकलन तथा बिक्री गर्ने कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नु अनिवार्य रहेको हुँदा वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ४ मा व्यवस्था भए अनुसार कार्यसूची स्वीकृत भै अन्तिम प्रतिवेदन स्वीकृतिका लागी पेश भए अनुसार उल्लेखित नदी तथा खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षणको अन्तिम प्रतिवेदन संघीय सरकारको वातावरणीय ऐन, २०७६ को दफा ३ (ग) तथा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ७ को उपदफा ४ मा व्यवस्था भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

क) कमलामाई नगरपालिकाको कमला नदी र भिमान खोलाको बगर क्षेत्रबाट दिगो रुपमा (नदी जन्य पदार्थ) ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथां उत्खनन् कार्य संचालनका लागी गरिएको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन ।

ख) कमलामाई नगरपालिकाको मरिण र धनमाना खोलाको बगर क्षेत्रबाट दिगो रुपमा (नदी जन्य पदार्थ) ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन् कार्य संचालनका लागी गरिएको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन ।

ग) कमलामाई नगरपालिकाको जिर्घा, बुका, लब्दाहा, गडौली, धमिले र ग्वाङ् खोलाको बगर क्षेत्रबाट दिगो रुपमा (नदी जन्य पदार्थ) ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन् कार्य संचालनका लागी गरिएको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन ।

**निर्णय नं. २** :- प्रारम्भिक वातावरणीय परीक्षणले उत्खनन् संकलन गर्ने सिफारिस गरेको परिमाणलाई आधार मानि बाँकी अवधिको हिसाब गरी प्रचलित कानून अनुसार प्रदेश सरकारले तोकेको दरमा प्रत्येक नदी/खोलाको परिमाण अनुसार ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३** :- आ.व. २०७६/०७७ मा स्वीकृत भई विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड १९ को कारणबाट कार्य हुन नसकि मिति २०७७ आषाढ ५ गतेको नगरपालिकाको निर्णयबाट मिति २०७७ आश्विन मसान्तसम्म म्याद थप भएकोमा सो अवधीमा समेत लकडाउन भई कार्य गर्न कठिनाई भएको साथै वर्षातको कारणबाट पनि कार्यमा बाधा उत्पन्न भएको हुँदा देहाय बमोजिमका कार्यको लागी म्याद थप गरी पाउँ भनी निर्माण व्यवसायीबाट निवेदन दर्ता हुन आएकोमा सम्वन्धित साईट इन्चार्ज समेतबाट प्रतिवेदन पेश भएको हुँदा

देहाय बमोजिमको कार्यको लागी अन्तिम पटक मिति २०७७ मंसिर मसान्तसम्म कार्य सम्पन्न गर्ने गरि म्याद थप गर्ने ।

| सि.नं. | योजनाको विवरण |
|---|---|
| १ | पानिटचांकी-बर्देउटार कालोपत्रे सडक निर्माण कार्य, वडा नं. ७ |
| २ | ढुङ्गेवास-हिरापानी कालोपत्रे सडक निर्माण, वडा नं. ४ |
| ३ | किरियापुत्री भवन निर्माण, कालिमाईस्थान मन्दिर, वडा नं. ५, मधुटार |
| ४ | कालोपत्रे सडक निर्माण, वडा नं. ९, काउछे |
| ५ | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण, वडा नं. १३, रानीवास |
| ६ | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण, वडा नं. ८, तिनतले |
| ७ | महिला सुरक्षा भवन निर्माण, वडा नं. ७, माझीटार |

**निर्णय नं. ४:-** कमलामाई नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/४/१८ मा स्वीकृत उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७५ मा देहाय बमोजिम संशोधन गर्ने ।

❋ परिच्छेद-२, उपभोक्ता समितिको गठन र सञ्चालन दफा ४ उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्थाको उपदफा १ को (ज) पछि देहाय बमोजिम थप गर्ने ।

➢ (झ) वडा भित्र सञ्चालन हुने आयोजनाहरुका लागी उपभोक्ता समिति गठन गर्दा गठन प्रकृयमा विवाद भई सम्झौता अगावै उजुरी पर्न गई सम्झौता हुन नसकेको अवस्थामा नगर उपप्रमुखको रोहवरमा पुनः भेला गराई उपभोक्ता समिति गठन गराउनु पर्नेछ । सो प्रकृयाबाट समेत विवाद समाधान हुन नसकेमा नगरपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

❋ परिच्छेद-३, कार्यान्वयन तथा व्यवस्थापन दफा ७ आयोजना कार्यान्वयनको उपदफा २ लाई देहाय बमोजिम संशोधन गर्ने ।

➢ वडामा संचालन हुने रु. ३ (तिन) लाखसम्मको आयोजना सम्बन्धित वडा कार्यालयमा नै लागत अनुमान तयार गरी सम्झौता गर्नु पर्नेछ र सो भन्दा ठूला आयोजनाको हकमा लागत अनुमान तयारी र सम्झौता नगर कार्यपालिकाको कार्यालयमा हुनेछ भने रु. १ (एक) लाख भन्दा साना योजनाको हकमा खाता खोल्नु नपर्ने साथै जनसहभागिता वापतको रकम जम्मा गर्नु नपर्ने तथा वडामा संचालित सम्पूर्ण आयोजनाको सुपरिवेक्षण गर्ने दायित्व वडाको प्राविधिकको हुनेछ ।

**निर्णय नं. ५ :-** कमलामाई नगरपालिकाको बिधेयक समितिबाट सिफारिस भई आए अनुसार देहाय बमोजिमका कार्यविधी स्वीकृत गर्ने ।

| सि.नं. | कार्यविधिको नाम |
|---|---|
| १ | कमलामाई नगरपालिका, युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७७ |
| २ | कमलामाई नगरपालिका, पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर संचालन कार्यविधी, २०७७ |
| ३ | कमलामाई नगरपालिका, घाँस नर्सरी संचालन कार्यविधी, २०७७ |
| ४ | कमलामाई नगरपालिका, पशुपंक्षिमा खोप कार्यक्रम संचालन कार्यविधी, २०७७ |
| ५ | कमलामाई नगरपालिका, घाँसेवाली श्रोत केन्द्र स्थापना तथा संचालन कार्यविधी, २०७७ |
| ६ | कमलामाई नगरपालिका, कोरेली पाडी/बाच्छी हुर्काउने कार्यक्रम संचालन कार्यविधी, २०७७ |
| ७ | कमलामाई नगरपालिका, पशु/कृषि विकास फार्म दर्ता कार्यविधी, २०७७ |
| ८ | कमलामाई नगरपालिका, गाई/भैंसीलाई सुत्केरी खाद्यान्न सहयोग कार्यविधी, २०७७ |

**निर्णय नं : ६ :** – स्टेला कन्सट्रक्शन एण्ड सप्लायर्स क.न.पा. ४ लाई 'घ' वर्गको व्यवसाय ईजाजत प्रमाण पत्र दिने ।

**निर्णय नं. ७ :-** साविक शिद्धेश्वर आर्दश गाँउ पञ्चयात को मिति २०४६।८।१६ मा जिल्ला मालपोत कार्यालय सिन्धुलीमा गोलन्जोर गाँउ पालिका - ६ साविक वाशेश्वर गाँउपालिकाको कृष्णहरी वराल को नाँउमा दर्ता कायम भएको वडा नं. ७/ख कित्ता नं १२६ क्षेत्रफल २-०-२-० जग्गा रोक्का भएको हुँदा उक्त कित्ता मात्र जिल्ला मालपोत कार्यालय सिन्धुलीमा फकुवाको लागि सिफारिस गर्ने ।

**निर्णय नं. ८ :-** कमालामाई नगरपालिका निम्न अनुसारका निवेदकहरुको घर भाडा खालि भई छुटका लागि दिएको निवदेन अनुसार छुट दिने ।

| सि..न | घर धनीको नाम | वडा नं | छुट घर वहाल | छुट अवधि |
|---|---|---|---|---|
| १ | धुव प्रसाद दाहाल | ६ | २४,०००।- | २०७६ आषाढ मसान्त सम्म |
| २ | भिम कुमारी वस्नेत | ६ | ७२,०००।- | २०७६ आषाढ मसान्त सम्म |
| ३ | तेज बहादुर विक | ६ | १८,०००।- | २०७६ आषाढ मसान्त सम्म |
| ४ | फुलमाया तमाङ्ग | ५ | ७२,०००।- | २०७६ आषाढ मसान्त सम्म |

**निर्णय नं. ९ :-** ऐलानी जग्गा अभिलेखीकरण कार्यमा विनियोजन भएको रु.२१,००,०००।- मध्ये सम्झौता भई कार्य सम्पन्न भई रु.१०,५६,०००।- भुक्तानी भैसकेको अवस्था रहेको हाल उक्त कार्य चालु रहेको हुँदा सो कार्यका लागि कानून अनुसार सम्झौता गरी थप कार्य अगाडी वढाउने ।

**निर्णय नं. १० :-** कमलामाई नगरपाकिल वडा नं ७ अन्तरगत श्री कालिका माध्यमिक विद्यालय पल्लोरामपुरलाई जिल्ला आयोजना कार्यान्वयन ईकाई सिन्धुलीवा ४ कोठे आर.सि.सि.भवन निर्माणको लागि योजना परेको हुदाँ उक्त विद्यालयको दक्षिण तर्फ २०४७ सालमा निर्मित सामुदायिक अध्ययन केन्द्र भवन भुकम्पवाट क्षतिग्रसत भएको हुँदा उक्त भवन भत्कानको लागि उक्त विद्यालयलाई अनुमति दिने ।